# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ )जनकपुरधाम,नेपाल,कार्तिक ४ गते,२०७९साल (सख्या १(क)

भाग ३

## मधेश प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

## प्रदेश स्तरीय निकायका निजामती कर्मचारीहरूको आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन (पहिलो संशोधन ) निर्देशिका,२०७९

प्रदेश स्तरीय निकायका निजामती कर्मचारीहरुको आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले उक्त

निर्देशिकाको दफा १३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम प्रदेश स्तरीय निकायका निजामती कर्मचारीहरुको आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल निर्देशिकाको दफा २ को खण्ड (क) मा रहेको व्यवस्थालाई संशोधन गरी देहाय बमोजिम कायम गर्नेः

(क) "कर्मचारी" भन्नाले प्रदेश सरकारका निकायमा सरुवा वा काजमा आई कामकाज गर्ने वा संघीय सरकारले कामकाज गर्न खटाइएका वा प्रदेश स्थित संघीय कार्यालयमा पदाधिकार रही प्रदेशको निकायमा कामकाज गर्न तोकिएका वा यस प्रदेशमा समायोजन भएका निजामति कर्मचारी वा प्रदेश सरकारको स्वीकृत दरबन्दीभित्र करार सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

**आज्ञाले,**

**मेख बहादुर मंग्राती**
**प्रदेश सचिव**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**